# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७१ आश्विन • वर्ष ४ • अंक २



आधुनिक बैंकिङ्ग

ग्रामीण बैंकिङ्ग

लघुवित्त बैंकिङ्ग

एकैसाथ सञ्चालन गर्ने नेपालको पहिलो वितीय संस्था

## मुक्तिनाथ विकास बैंक लिमिटेड

## MUKTINATH BIKAS BANK LIMITED

**केन्द्रीय कार्यालय**
पोखरा-८, पृथ्वीचोक, कास्की, नेपाल
फोन नं.: ०६१-५२२७८६, ५२२७८७
फ्याक्सः ०६१-५२७८५२, ५२४१९२
Email: info@muktinathbank.com.np

**लघुवित्त विभाग**
पोखरा-८, पृथ्वीचोक, कास्की, नेपाल
फोन नं.: ०६१-५३८०३९
फ्याक्सः ०६१-५२४१९२
Email: mfd@muktinathbank.com.np

# लघुवित्तले हिम्मत बढायो हेमाको



✍ नगेन्द्र राज पौडेल

समय परिवर्तनशिल छ, दुःख पछिको सुख अनुभव गर्न मेहनत र इमान्दारीता खाँचो हुन्छ भन्ने कुराको एक ज्वलन्त उदाहरण हुन् हेमा कुमारी थापा। मिति २०३२ साल चैत्र २६ गते स्याङ्गजा जिल्ला बिरूवा अर्चले गाविसको ललाङ्गमा बुबा केयर सिँह थापा तथा आमा प्रेम कुमारी थापाको जेठी छोरीको रूपमा जन्म लिएकी हेमा कुमारी थापाको बुबाले दोश्रो विवाह गरेपछि उनको अध्ययन आठ कक्षामा मात्र सीमित हुन पुग्यो । हेमाको पारिवारिक अवस्था र संघर्षको दिनहरू यसरी शुरू भयो भनी सुनाउछिन् । उनको १८ वर्षको उमेरमा स्याङ्गजा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १२ बरजा स्थित ब्रिटिश लाहुरे नरवहादुर थापाको छोरा धर्मराज थापासँग मागी विवाह भयो । माइतीमा जेठी छोरीको रूपमा हुर्केकी विवाह पश्चात् पनि जेठी बुहारीको रूपमा पारिवारिक बन्धनमा बाँधिइन् । हेमाको परिवार भने ठूलो थियो। ससुराको बाहेक अरू कसैको आम्दानी थिएन।



हेमाको श्रीमान्को पनि कमाई नभएको र आफ्नो पनि केही आम्दानी नभएकोले शुरूका वैवाहिक दिनहरू सुखमय थिएनन् । पहिलो सन्तान छोरीको जन्म भएको थियो । यत्तीकै बसेर भएन, केही त गर्नुपऱ्यो भनी श्रीमान् साउदी पुगे । श्रीमान् वैदेशिक रोजगारीमा गएपछि अब त सुखका दिन आउछन् भन्ने आशामा थिइन् हेमा । श्रीमान्ले विदेश आउने जाने गर्न त थाले तर विदेश बसेर कमाएको सम्पत्ति पनि साथीहरूले खाइदिने मात्र नभई पासपोर्टमा दलालीको कारण पुलिसको फन्दामा पर्दा अवस्था झन् दुःखद भयो। हेमाले विदेशको कमाईमा भर गर्नु भन्दा आफै केही गर्नु पर्छ भनी ऋणको खोजीमा थिइन् । यतिबेला सम्म दोस्रो सन्तान छोराको पनि जन्म भयो । पारिवारिक रूपमा जिम्मेवारी बढेपछि आम्दानी नहुँदा दैनिक जीवन झनै कष्टकर हुन थाल्यो । यसै समयमा मुक्तिनाथको लघुवित्त कार्यक्रमले आफ्नै गाँउघरमा विनाधितो सामुहिक जमानीमा ऋण दिन्छ रे भन्ने गाँईगुंइ सुनिन् र गाँउकै दश जना मन मिल्ने महिलाहरूको समूह गठन गरी केन्द्र निर्माण गरिन् । समूहमा आबद्ध भईसकेपछि २०६१ साल असोजमा प्रथम कर्जा रू. ५,०००/- लिई २ वटा बाख्रा खरिद गरिन्। बाख्राहरूले ४ वटा पाठापाठी पायो। बाख्राबाट ६ महिनामा रू. ६,०००/- नाफा भयो । हेमालाई गऱ्यो भने हुने रहेछ भन्ने हौसला बढ्यो। दोस्रो कर्जा रू. २०,०००/- लिई जर्सी गाई थप गरिन्। बिहान ३ बजे उठेर घाँस, पराल, दानापानी गरेर दैनिक २० लिटर दुध नजिकै राङ्खोला बजारको लगेर बेच्न थालिन् । गाई र बाख्राको स्याहार सुसारमा अन्य पारिवारिक सहयोग नभएकोले राती १० बजे सम्म घरको काम सकिदैनथ्यो। बिहान ३ बजे उठेर सबै गोठधन्दा सकेर ४ बजे आफैंले राङ्खोला बजारमा दुध डेरीमा पुर्‍याउन नसकेपछि गाईपालन अगाडि बढाउन सकिनन्। महिनाको चालिस पचास हजार कमाई गर्ने बेलामा शरिरले नसकेपछि हेमाले व्यवसाय छोडी घरमै बसिन्। दैनिक बजार जान नपर्ने व्यवसायको खोजीमा थिइन् हेमा । २०६६ साल आषाढ १८ गते तेश्रो कर्जा रू. ४०,०००/- लिएर बंगुरको खोर निर्माण गरी ४ वटा बंगुर पाल्न शुरू गरिन्। श्रीमान्लाई वैदेशिक रोजगारीबाट फिर्ता बोलाई बँगुर तथा बाख्रापालन कार्यलाई निरन्तरता दिइन् । श्रीमान्लाई समेत अर्को व्यवसायमा लगाउने चाहना भयो। व्यवसायमा लगानी बढाउन पैसाको आवश्यकता भयो । बाख्रा र बंगुर पालनबाट भएको केही बचत र मुक्तिनाथबाट चौथी कर्जा रू. ६०,०००/- लिई आफ्नै घरमा सानो किराना पसल शुरू गरिन्।

बाख्रापाल्नको लागि राम्रो चरन क्षेत्र र बजार नजिक भएको कारण बाख्रापालनको साथसाथै बँगुरपालन व्यवसाय निकै फस्टायो । व्यवसाय विस्तारको लागि पुरानो घर नजिकैको चोकमा एक तले कच्चि घर बनाउने सोच आयो । किराना पसलबाट पनि राम्रो व्यापार भैरहेको थियो। तेस्रो सन्तानको रूपमा छोरीको जन्म भयो। हेमाको मेहनत देखेर श्रीमान्को मन फेरियो । यो आर्जन गरेको बचत र सम्पत्ती सबै श्रीमतीको हो, मैले छुट्टै केही गर्नु पर्छ भन्ने मान्यता राखी सुनौली पोखरा चल्ने रूटको पुरानो गाडी किन्नुभयो र आफैं गाडीमा हिँड्न थाल्नुभयो।

एकातिर बाख्रा, बँगुर पाल्नु छ भने अर्को तिर पसल पनि चलाउनु छ तीन सन्तानकी आमा हेमाले। बिहान सबेरै उठेर विभिन्न घरायसी सामग्रीहरू बनाउनुपर्ने र पारिवारिक रूपमा खानपिनको व्यवस्था गर्नु कम चुनौती थिएन। तर पनि आँटे पछि भगवानले पुऱ्याउँछन् भने झै किराना पसलसँगै होटल तथा फ्रेस हाउस पनि चलाउन थालिन्। होटलको परिकार बिक्न थालेपछि उनले हालसालै १५०

वटा जति ब्रोइलर कुखुरा आफै पालेकी छन् । विगतमा लोकल कुखुरा पालेकी हेमाले व्यवसायिक रूपमा कुखुरापालन समेत गरी कुखुरा बाहिरी बजारमा नपठाई घरबाटै मासु बेच्ने गरेकी छिन् । हेमाले पटक-पटक गरी हालसम्म रू. ५,९०,०००/- कर्जा लिई सकेकी छन् । आज उन्नत जातको बाख्रा ९ वटा, बँगुर ५ वटा छन् भने पसलमा दैनिक पाँच छ हजारको कारोवार हुन्छ । हेमाले आफ्नै कमाईले एक तले कच्चि घर बनाएकी छन् । बैंकको लघुवित्तले किस्ता तिर्न सजिलो बनाएकोले बाहिरी व्यक्तिसँग आर्थिक कारोवार गर्न नपरेको बताउँछिन् । जेठी छोरीलाई पोखरामा दन्त चिकित्सा पढ्न पठाएको, छोरा बाह्र कक्षामा अध्ययनरत रहेको र अर्को छोरी ४ कक्षामा पढ्दै गरेको अवस्थामा सम्पूर्ण खर्च आफैंले चलाउन सफल भएको बताउँछिन् । आफूले पढ्न नपाएर दुःख पाएकोले छोराछोरीको अध्ययनको लागी ठूलो लगानी गरेको बताउँछिन् । जर्सी गाई पाल्दादेखि दुःख गरेतापनि हालका दिनमा दुःख नरहेको सुनाउँछिन् ।



सासू ससुराको सम्पत्ति नलिएपनि हाल महिनाको चालिस पचास हजार कमाई रहेको बताउँछिन् । "छोराछोरीलाई पढाउनको लागि पनि लगानी गरी व्यवसायलाई अझै बढाउनु परेको छ" हेमाले भनिन् । दश जनाबाट शुरू भएको बैंकको लघुवित्त कार्यक्रममा आज ३५ जना महिला दिदी बहिनी आवद्ध भइसकेका छन् । "हुन त आज सासू ससुरा बेलायत छन् चाहेमा पक्कै पनि उतै जान सकिन्थ्यो तर यो मेहनत, इज्जत छोडेर कही जान मन छैन । मेरै गाउँकै कतिपय लाहुरेका परिवार विस्थापित भइसके पनि म आफ्नो पाखुरा चलाउन र पसिनाले भिजेको माटोको मोहलाई त्याग्न सक्दिन" हेमाले भन्छिन् । हेमाको हिम्मत र मुक्तिनाथको साथ भएकोले सामाजिक तथा व्यापारिक रूपमा परिचित गराउन बाटो देखाउने बैंकको लघुवित्त कार्यक्रम रहेछ । जसले आजको सफल व्यवसायी हेमा बनाइदिएको छ ।

लघुवित्त डेस्क कार्यालय, पुतलीबजार

## अर्थपूर्ण जीवनका लागि आवासमा ४७ वटा घर निर्माण कार्य सम्पन्न

Habitat for Humanity International Nepal र मुक्तिनाथ विकास बैंकको समन्वयमा "अर्थपूर्ण जीवनका लागि आवास" भन्ने मूल मर्मका साथ सुरक्षित आवास निर्माण गरी ग्राहकहरूको आवासलाई व्यवस्थित गराउने कार्यको थालनी गरिएको छ । यस कार्यको लागि ग्राहकहरूलाई सुरक्षित आवासको लागि चेतना अभिबृद्धि गर्ने र घर निर्माण/मर्मतको लागि आवश्यक पर्ने कर्जा बैंकले सहज र सहुलियत रूपमा उपलब्ध गराउदै आएको छ। २०७१ आश्विन मसान्त सम्म कूल ४७ वटा घर निर्माण कार्य सम्पन्न भएको छ ।

## मुक्तिनाथ आईपुग्यो गाउँ घर

✍ सुमित्रा बि.क.



हावा चल्यो सरर डाँडाको वर ।
मुक्तिनाथ सरर आई पुग्यो गाउँ घर ॥

मुक्तिनाथको सरर यो कस्तो पहिचान ।
पहिलो चरण सरर सबैलाई नमस्कार ॥

मुक्तिनाथले सरर सुबिधा दिएको ।
विनाधितो सरर ऋण हाम्ले लिएको ॥

गाउँ शहरमा सरर मुक्तिनाथ छायो ।
महिला हाम्ले सरर केहीगर्ने दिन आयो ॥

घरदैलोमा सरर मुक्तिनाथ आयो ।
आफ्नै बचत सरर राख्नलाई मन भयो ॥

बल्ल हाम्लाई सरर जोस जाँगर आयो ।
मुक्तिनाथले सरर जागरूक बनायो ॥

गरौं उद्यम सरर लिई ऋण स्वदेश ।
कोही पनि सरर नजाऊँ है बिदेश ॥

धेरै ठाउँमा सरर नगरौं कारोबार ।
दुई हात जोडी सरर सबैलाई नमस्कार ॥

केन्द्र नं.३३७८
भरतपोखरी-६, कास्की
लघुवित्त डेस्क कार्यालय, गगनगौडा

# तालिम तथा गोष्ठी

## कर्मचारी तालिम तथा गोष्ठी

मुक्तिनाथ विकास बैंकले कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले बिभिन्न किसिमका तालिम तथा गोष्ठीमा कर्मचारीहरूलाई सहभागी गराउदै आएको छ । २०७१ साल बैशाखदेखि असोज मसान्तसम्म गरिएका मुख्य कार्यक्रमहरू यस प्रकार रहेका छन् ।

१) Habitat for Humanity International Nepal ले मिति २०७१/०१/१४ र १५ गते काठमाण्डौमा आयोजना गरेको $H_2O$ ब्यागको प्रयोग विधि सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) तालिममा यस बैंकका MIS इकाई प्रमुख श्री राजेन्द्र पाण्डे सहभागी हुनुभएको थियो ।

Habitat for Humanity International Nepal र मुक्तिनाथ विकास बैंकको संयुक्त आयोजनामा मिति २०७१ वैशाख २० गते "अर्थपूर्ण जीवनमा लागी आवास" भन्ने विषयमा पोखरामा सञ्चालन भएको **Signature Campaign** मा स्वयंसेवी कर्मचारी ८१ जना र ७,५०० जना ब्यक्तिहरूले दस्तखत गरी कार्यक्रममा एक्यवद्धता जनाउनु भएको थियो ।

२) Center for Self-help Development (CSD) ले मिति २०७१/०१/२२ देखि २५ गते सम्म काठमाण्डौमा आयोजित **"Credit Appraisal in Microfinance"** सम्बन्धी तालिममा सीमित बैंकिङ्ग कार्यालय बिरूवाका प्रमुख श्री सन्तोष पौडैल, लघुवित्त डेस्क कार्यालय भिमादका प्रमुख श्री राजेश ढकाल सहभागी हुनुभएको थियो ।

३) Center for Microfinance (CMF) Nepal ले मिति २०७१/०२/२ गते काठमाण्डौमा सञ्चालित **"USSPM Tools Dissemination and Review Workshop"** मा मानव संसाधन तथा सञ्चालन इकाई प्रमुख श्री विश्वराज घिमिरे र पोखरा अनुगमन अधिकृत श्री नविन प्याकुरेल सहभागी हुनुभएको थियो ।



## मेरो मुक्तिनाथ यही

*सावित्री भण्डारी*



काम पाइएन डिग्री पास गरेर, भैसी पाल्छु मुक्तिनाथमा बसेर, चिन्ता छैन केही ।
मलाई राहत पनि यही, मलाई साहस पनि यही, मेरो मुक्तिनाथ यही ॥

शहरदेखि गाऊँसम्म हिड्छ रे, बिना धितो कर्जा नी दिन्छ रे, चिन्ता छैन केही ।
मलाई सानो कर्जा यही, मलाई ठूलो कर्जा यही, मलाई जे चाहिएनी यही ॥

नजाउ विदेश यही बगाउँ पसिना, जटिल कुरा बनाउँछ मसिना, चिन्ता छैन केही ।
मलाई विदेश पनि यही, मलाई अघि लाने यही, मेरो सबैथोक यही ॥

केही गर्नलाई पूँजी नै चाहिन्छ, मुक्तिनाथमा सबैकर्जा पाइन्छ, चिन्ता छैन केही ।
मेरो बाउ भनेनी यही, मेरो आमा पनि यही, मलाई व्यवसायी बनाउने नै यही ॥

उद्यम गरे कमाइन्छ धन, विदेश जाने नगरौं कोही मन, चिन्ता छैन केही ।
मेरो बचत पनि यही, मेरो कर्जा पनि यही, मलाई अघि लाने यही ॥

दिन्छ कर्जा व्यवसाय गर्नलाई, उद्यमीलाई बीउ पूँजी छर्नलाई, चिन्ता छैन केही ।
मलाई बिनाधितो यही, मलाई धितो पनि यही, मलाई जे खोजेनी यही ॥

बास थिएन बस्ने बास गरायो, दुःख हट्यो सुखमा रमायो, चिन्ता छैन केही ।
मलाई कर्जा दिने यही, मेरो दुःख टार्ने यही, मेरो आँखा खोल्ने यही ॥

दुःखी थिए सब दुःख हरायो, सबको अघि शिर ठाडो गरायो, चिन्ता छैन केही ।
मेरो सम्मान पनि यही, मलाई इज्जत पनि यही, मलाई सबैकुरा यही ॥

आउनुस् दाजु दिदी र बहिनी, परिवार एकै ठाउँ भइने, चिन्ता छैन केही ।
मेरो उद्यम पनि यही, मेरो बचत पनि यही, मेरो मुक्तिनाथ यही ॥

लघुवित्त डेस्क कार्यालय, दमौली

४) मुक्तिनाथ विकास बैंक लि. र Frankfurt School of Finance and Management को संयुक्त आयोजनामा मिति २०७१/०२/०९ र २०७१/०२/१३ गते बैंकको बैठक कक्षमा **"Introduction to Product Development and Market Research"** कार्यक्रममा लघुवित्त विभागका सम्पूर्ण कर्मचारी तथा बैंकका सहायक महाप्रबन्धक श्री तिल बहादुर गुरूङ, कर्जा बिभाग प्रमुख श्री प्रेम बहादुर थापा र सञ्चालन बिभाग प्रमुख श्री प्रकाश अर्याल सहभागी हुनु भएको थियो ।

५) मुक्तिनाथ विकास बैंक लि.का कर्मचारीहरूलाई **"तालिम आवश्यकता पहिचान"** सम्बन्धी लघुवित्त डेस्क कार्यालय छोरेपाटन, लघुवित्त डेस्क कार्यालय चिप्लेढुङ्गामा गरिएको छलफल कार्यक्रममा तालिम इकाई प्रमुख श्री शर्मिला लम्साल सहभागी हुनुभएको थियो ।

६) Social Performance Task Force (SPTF) ले मिति २०७१/०२/१८ देखि २२ गते सम्म Dakar, Senegal मा आयोजना गरेको **"SPTF Annual Meeting 2014"** मा लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउत सहभागी हुनुभएको थियो ।



७) मुक्तिनाथ विकास बैंक लि. लघुवित्त विभागको आयोजनामा मिति २०७१ साल जेष्ठ २१ र २२ गते बेगनास कास्कीमा सम्पन्न आ.व.२०७१/७२ को **"वार्षिक लक्ष्य तथा बजेट तर्जुमा"** गोष्ठीमा विभाग तथा लघुवित्त डेस्क/सीमित बैंकिङ्ग कार्यालय प्रमुखहरू गरी ४० जना सहभागी रहनुभएको थियो ।

८) फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि. को आयोजनामा मिति २०७१ श्रावण १२ र १३ गते सञ्चालन भएको **"Training on Accelerating Managerial Skills"** तालिममा यस बैंकबाट लघुवित्त विभागीय प्रमुख श्री गोविन्द बहादुर राउत सहभागी हुनुभएको थियो ।

९) मिति २०७१ साल श्रावण १९ र २० गते पोखरामा आयोजित आ.व.२०७०/७१ को **"वार्षिक समिक्षा तथा सफ्टवेयर व्यवस्थापन तालिम"** मा सम्पूर्ण लघुवित्त डेस्क/सीमित बैंकिङ्ग कार्यालयका कार्यालय प्रमुख तथा बैंकका सञ्चालक समीतिका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायत लघुवित्त विभागबाट गरी जम्मा ५० जना सहभागी हुनुभएको थियो ।

Microfinance Council of Philippines Inc (MCPI) फिलिपिन्सको संयोजनमा २०७१ आषाढ ७ देखि १३ गतेसम्म फिलिपिन्सको मनिला स्थित प्रख्यात लघुवित्त संस्थाहरू र केन्द्रीय बैंक (BSP) को अध्ययन भ्रमण कार्यक्रममा यस बैंकका प्रमुख कार्यकारी अधिकृत श्री भरतराज ढकाल सहभागी हुनुभएको थियो ।

१०) मिति २०७१ साल भाद्र २९ र ३० गते पोखरामा आयोजित **"फिल्ड व्यवस्थापन"** तालिममा बैंकमा कार्यरत २३ जना फिल्ड कर्मचारीहरू सहभागी हुनुभएको र सो तालिमको सहजीकरण लघुवित्त विभागका पदाधिकारीबाट गरिएको थियो ।

११) मुक्तिनाथ विकास बैंक लि. लघुवित्त विभागको आयोजनामा मिति २०७१ साल आश्विन १ र २ गते बुटवलमा **"लेखा तथा फिल्ड व्यवस्थापन"** तालिममा बैंकका १५ जना लेखामा कार्यरत कर्मचारीहरू सहभागी हुनुभएको थियो । सो तालिमको सहजीकरण लघुवित्त विभागका पदाधिकारीहरूले गर्नुभएको थियो ।



१२) मुक्तिनाथ समुदायिक विकास केन्द्र (MCDC) बारे एक दिने परिचयात्मक कार्यक्रम मिति २०७१ साल आश्विन २ गते बुटवलमा तराई भेगका कार्यालय प्रमुखहरूको सहभागीतामा सम्पन्न भएको थियो । सो कार्यक्रमको सहजीकरण लघुवित्त विभाग प्रमुख श्री गोविन्द बहादुर राउतले गर्नुभएको थियो ।

## सदस्य तालिम

लघुवित्त कार्यक्रममा आबद्ध विपन्न महिलाहरूलाई आफ्नै सीप र परीश्रमले आत्मनिर्भर बनाई आयआर्जन र स्वरोजगारमा थप टेवा पुऱ्याउन सदस्यहरूलाई तालिमको अपरिहार्यता देखिएको छ । २०७१ बैशाख देखि असोज मसान्त सम्म गरिएका मूख्य कार्यक्रमहरू यस प्रकार छन् ।

१) लघुवित्त डेस्क कार्यालय गगनगौंडाको आयोजनामा देउराली गा.वि.स को हलमा मिति २०७१ वैशाख १२ गते सञ्चालित **मैनबत्ती** बनाउने तालिममा ८७ जना महिला सदस्यहरू सहभागी हुनुभएको थियो ।

२) लघुवित्त डेस्क कार्यालय अर्घौको आयोजनामा भाचोक आमासमूहको भवनमा मिति २०७१ वैशाख १८ गते देखि २० गते सम्म सञ्चालित **तरकारी खेती** तालिममा २९ जना महिला सदस्यहरू सहभागी हुनुभएको थियो ।



३) लघुवित्त डेस्क कार्यालय भिमादको आयोजनामा भिमाद गा.वि.सको कार्यालय भवनमा मिति २०७१ वैशाख २६ र २७ गते सम्म सञ्चालित **बाख्रापालन** तालिममा ३२ जना महिला सदस्यहरू सहभागी हुनुभएको थियो ।

### ग्राहक सन्तुष्टी सर्वेक्षण सम्पन्न

मुक्तिनाथ विकास बैंकको आयोजनामा आफ्नो ग्राहक सदस्यहरूलाई प्रदान गरीरहेको सेवा सुविधा र कारोबारहरू बारे उनीहरूको आवश्यकता परिपूर्ती भएको छ की छैन भनी **ग्राहक सन्तुष्टी सर्वेक्षण** गरीएको थियो । जसमा ५९० जना सदस्यहरू सहभागी हुनु भएको थियो ।

४) लघुवित्त डेस्क कार्यालय चापाकोटको आयोजनामा गंगालाल उच्च मा.वि. को भवनमा मिति २०७१ जेष्ठ ९ र १० गते सञ्चालित वेमौसमी **तरकारी खेती** तालिममा ३६ जना महिला सदस्यहरू सहभागी हुनुभएको थियो ।



५) लघुवित्त डेस्क कार्यालय भिमादको आयोजनामा भानुमति गा.वि.स वडा नं.६ मा रहेको वालविकासको भवनमा मिति २०७१ आश्विन २४ गते सञ्चालित **मैनबत्ती** बनाउने तालिममा ३९ जना महिला सदस्यहरू सहभागी हुनुभएको थियो ।

### कर्मचारी सन्तुष्टी सर्वेक्षण सम्पन्न

बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई परेको समस्या, सेवा सुविधा, नीति नियम, व्यवस्थापन, कार्य संचालन आदिको बारेमा अध्ययन गर्न **कर्मचारी सन्तुष्टी सर्वेक्षण** गरिएको थियो ।

### हार्दिक समवेदना



जन्म
वि.सं. २००४/५/२२

स्वर्गारोहण
वि.सं. २०७१/१/२०

**स्व. मेघनाथ अधिकारी**

मुक्तिनाथ विकास बैंक लि. लघुवित्त विभाग, पृथ्वीचोक, पोखरा कास्कीमा कार्यरत चालक श्री गोविन्द अधिकारीका परमपुजनीय पिता मेघनाथ अधिकारीको ६७ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

# पश्चिमाञ्चल विकास क्षेत्रमै पहिलो पटक वित्तीय साक्षरता तालिम सम्पन्न

National Banking Institute (NBI), काठमाण्डौ र मुक्तिनाथ विकास बैंक लि.को सहकार्यमा पश्चिमाञ्चल विकास क्षेत्रमै पहिलो पटक वित्तीय साक्षरता (Financial Literacy) सम्बन्धी तालिम प्रदान गर्ने कार्यको शुरूवात भएको छ।

पहिलो चरणमा स्याङ्जा जिल्लाको आरूखर्क र फेदीखोला, कास्की जिल्ला अन्तरगत रिठेपानी र भरतपोखरी, तनहूँ जिल्लाको रामकोट र दुम्सीचौरमा मिति २०७१ साल बैशाख २४ गते देखि २६ गते सम्म वित्तीय साक्षरता सम्बन्धी ६ वटा तालिम सञ्चालन भएको थियो। उक्त तालिममा जम्मा ४२४ जना स्थानीयको सहभागीता रहेको थियो। वित्तीय कारोबार बारे जनचेतना जगाउने, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमूलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्युनिकरणको लागि बीमाको प्रयोग लगायतको विषयमा चेतनाको अभिबृद्धि गराउने यस तालिमको मूख्य उद्देश्य रहेको थियो। वित्तीय संस्थाका ग्राहकहरूको कर्तब्य र अधिकार तथा व्यवसाय वा परियोजनाको आम्दानी र खर्चको लेखाजोखालाई पनि तालिमको विषयवस्तुमा समावेश गरिएको थियो।




स्याङ्गजा जिल्लाको आरूखर्कमा सञ्चालन गरिएको पहिलो दिनको पहिलो तालिमको उद्घाटन मुक्तिनाथ विकास बैंक लि.का सञ्चालक समितिका सदस्य श्री नारायण प्रसाद पौडेलले गर्नुभएको थियो। सोही कार्यक्रममा मुक्तिनाथ विकास बैंक लि.का प्रमुख कार्यकारी अधिकृत श्री भरतराज ढकालले शहरी तथा बैंकिङ्ग पहुँच नपुगेका ग्रामीण तथा विपन्न बस्तीहरूमा समेत वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो।

यस तालिममा NBI को तर्फबाट श्री सबिन नेपाल तथा मुक्तिनाथ विकास बैंक लि.का कर्मचारी श्री खगेन्द्र तिम्सिना, श्री कृष्ण प्रसाद रेग्मी, श्री लक्ष्मी थापाका साथै लघुवित्त विभागका विभागीय प्रमुख श्री गोबिन्द बहादुर राउत तथा तालिम इकाई प्रमुख श्री शर्मीला लम्सालले सहजीकरण गर्नुभएको थियो।

तालिमबाट सिकेको ज्ञानको आधारमा आगामी दिनमा वित्तीय कारोवार गर्दा केही हदसम्म भए पनि आफ्नो स्वविवेक र स्वनिर्णय गर्न सक्ने क्षमतामा बद्धि भएको सहभागीले बताएका थिए। केही सहभागी आफू अध्ययनमा साक्षर भए पनि वित्तीय रूपमा साक्षर नभएको महशुस गरी तालिमलाई व्यापक रूपमा संचालन गर्न सुझाव दिएका थिए।

## सार्थक भयो जीवन



✍ जयनदेवी क्षेत्री

गर्छु विन्ती जोडेर दुबै हात।
सधै हिम्मत बढाईदेउ मुक्तिनाथ॥

समाजमा अपाङ्ग घृणा भो।
घृणा भन्दा झन् ठूलो पिडा भो॥

अहिले सम्म कहाँ थियौ मुक्तिनाथ।
अब मलाई दिंदै छौ तिमीले साथ॥

न त शिक्षा न सुख थियो।
मुक्तिनाथले सहजै ऋण दियो॥

धनको धाक लगाउथे छिमेकी।
ब्यवसायी भइसके म पनि॥

ब्यवसायी बन्दैछु पौरखी हातले।
सार्थक जीवन मुक्तिनाथको साथले॥

दुबो झार चौरमा मौलाओस्।
मुक्तिनाथले सफलता फैलाओस्॥

केन्द्र नं. ४४२१
सिल्दुजुरे-०९, छाचोक
लघुवित्त डेस्क कार्यालय, काहुँखोला

# लघुवित्तले साना कृषकहरूको आर्थिक जीवनमा पार्न सक्ने प्रभाव



✍ विश्वराज घिमिरे

लघुवित्त भन्ना साथ सानो सानो वित्तीय क्रियाकलाप हो भनेर बुझिन्छ। लघुवित्त सेवा अन्तरगत वित्तीय संस्थाहरूले स-सानो आकारका वित्तीय सेवाहरू प्रदान गर्ने गर्दछन् । त्यस्तो वित्तीय सेवाहरूमा कर्जा, बचत, बीमा तथा विप्रेषण सेवा समेत पर्दछन् ।

नेपालको अर्थतन्त्र कृषिमा निर्भर रहेको छ । तथापि कृषिको अबस्था सन् १९८० को तुलनामा कमजोर हुदै गएको देखिन्छ । सन् ९० को दशकमा ९० प्रतिशत नेपालीले कृषि पेशालाई अवलम्बन गरी देशको सालाखाला २० प्रतिशत जमिनमा खेती किसानी गरिन्थ्यो । कृषिले ६० प्रतिशत कुल गार्हस्थ उत्पादनमा र ७५ निर्यातमा योगदान दिन्थ्यो । हाल नेपालमा करिव २९ प्रतिशत भूभागमा खेती गरिन्छ भने ७० प्रतिशत जनता कृषिमा निर्भर रहेको तथ्याङ्कले देखाएको छ । ग्रामीण भेगमा बसोबास गर्ने ८३ प्रतिशत कृषकको मुख्य आम्दानीको श्रोत नै कृषि रहेको छ । कृषि क्षेत्रले नेपालको कुल गार्हस्थ उत्पादनको ३५ प्रतिशत मात्र हिस्सा ओगेटेको छ । ६० प्रतिशत किसानले उत्पादन गरेको खाद्यान्न आफैलाई बर्ष भरी खान पुग्दैन । अझै पनि खेती प्रणाली निर्वाहमूखी रहेको छ । ती किसानलाई आधुनिक कृषि प्रविधी र उन्नत कृषि ज्ञानको कमी विद्यमान छ । नयाँ नयाँ कृषि प्रविधी अपनाई खेती गर्न खोज्ने किसानको पर्याप्त जमिन नहुनु, भएको जमिनमा पनि सिंचाईको सुविधा नहुनु, उत्पादित बस्तु बजारमा पुऱ्याउँदा लागतमा बृद्धि हुनु र कृषिको आवश्यकता अनुरूपको वित्तीय सेवा उपलब्ध नहुँदा साना किसानहरूको अवस्थामा सुधार आउन सकेको छैन ।

कृषि गणनाले देखाए बमोजिम हाल २२ प्रतिशत कृषकसंग कृषि ऋण रहेको छ भने ४२ प्रतिशत किसानले कृषि ऋण लिन चाहेको बताएका छन् । लघुवित्तको सेवा विस्तार संगै वित्तीय संस्थाले तराई, पहाड र हिमाली भेगका सहज रूपमा पुग्न सकिने बस्तीहरूमा मात्र सेवा प्रदान गरी रहेको देखिन्छ । दूरदराजका ग्रामीण क्षेत्रमा बसोबास गर्ने, दैनिक जीवनयापनका लागि कृषि पेशालाई नै मुख्य आधार बनाई निर्वाहमुखी कृषि पेशा अपनाएका कृषकहरूलाई उपयुक्त वित्तीय सेवा विस्तार गर्न सकिएको छैन । ग्राहकहरूलाई लघुवित्त सेवा अन्तरगत बचत र कर्जा सेवालाई विशेष जोड दिएको देखिन्छ । ग्राहकहरूलाई प्रदान गरिने वित्तीय सेवा अन्तरगत कृषि (बाली, तरकारी, फलफूल) बीमा, पशु बीमा तथा विप्रेषण सेवाका बारेमा पनि त्यतिकै ज्ञान दिई व्यवसायको जोखिम न्यूनिकरण गराउन तर्फ जोड दिनुपर्ने टड्कारो आवश्यकता छ ।

कृषि पेशामा संलग्न ग्राहकका वित्तीय आवश्यकता लघुवित्त सेवा मार्फत पुरा गर्दै ग्राहकसंग दीगो संस्थागत समन्वय कायम गर्नका लागि उनीहरूको समस्या समाधानको उपाय खोजी गरी दिनुपर्ने आवश्यकता देखिन्छ। लघुवित्त संस्थाहरूले आफ्नो वित्तीय सेवाको विविधीकरण, आवश्यकता अनुसारका वित्तीय सेवा, प्राविधिक सल्लाह र परामर्श प्रदान गर्ने तथा बजारिकरण गर्न सघाउ पुऱ्याउन वा समन्वय गर्न गराउन सहयोगीको भूमिका समेत खेल्नु पर्दछ ।




### "मुक्तिनाथ विकास बैंक लि.को ४० प्रतिशत लाभांश

मुक्तिनाथ विकास बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७१ भाद्र २९ गतेको बैठकले लगानीकर्ताहरूलाई ३८ प्रतिशत बोनस र कर प्रयोजनार्थ २ प्रतिशत नगद लाभांश गरी कूल ४० प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ । उक्त लाभांशको वितरण नेपाल राष्ट्र बैंकले स्वीकृत दिई आगामी साधारण सभाले निर्णय गरेपछि मात्र लागु हुनेछ । यस अवधि सम्म बैंकको चुक्ता पूँजी ३६ करोड ७५ लाख रहेको छ भने बैंकले २५ प्रतिशत हकप्रद शेयर जारी गर्न अन्तिम चरणमा रहेकोछ । तत्पश्चात बैंकको चुक्ता पूँजी ५९ करोड ९० लाख २५ हजार हुनेछ।

आजभोलि देशको धेरै जसो स्थानमा ग्रामीण सडकको विस्तार भै सकेको छ। सडकको विकास एवं विस्तारसंगै ग्रामीण भेगमा आवश्यक वस्तुको आपूर्ति शहर बजारबाट भई रहेको छ। तर ग्रामीण भेगबाट शहर बजार तर्फ निकासी अत्यन्त न्यून मात्रमा भएको छ। गाउँका खेतबारीहरू बांझिदै गएका छन्। ग्रामीण भेगको जनतामा परनिर्भरता बढ्दै गएको छ। जसरी यातायात पहूँचले ग्रामीण क्षेत्रमा आवश्यक वस्तुको आपूर्तिमा सहजता ल्याएको छ त्यसरी ग्रामीण क्षेत्रको कृषि उपजको निर्यात शहरी वा बजार क्षेत्रमा गराउन सकेमा मात्र साना किसानको आर्थिक जीवनमा सकारात्मक परिवर्तनका संकेत देखा पर्ने थिए। ग्रामीण भेगलाई कृषि उत्पादनको निर्यात गर्ने स्थल बनाउने कार्यमा वित्तीय क्षेत्रमा क्रियाशील सबै संस्थाहरू लाग्ने हो भने ग्रामीण क्षेत्रको आर्थिक विकासमा अवश्य पनि टेवा पुग्ने थियो। ग्रामीण जनताको आर्थिक स्तर सुधार भएमा शहरमुखी बसाई सराईमा समेत न्यूनीकरण हुन जाने देखिन्छ। कृषिलाई नै व्यवसायको रूपमा विकास गर्न सकेमा स्वेदशमा नै रोजगारीको प्रसस्त अवसरहरू सिर्जना गर्न सकिने थियो।



लघुवित्तकर्मीहरू प्रायः हरेक महिनामा ग्राहकको घरदैलो सम्म पुग्ने हुनाले किसानका धेरै जसो समस्या र पिर मर्कासंग परिचित हुन्छन्। हाल विश्वमा देखिएको जलवायु तथा मौसम परिवर्तनको प्रत्यक्ष मार किसानमा पनि परेको छ। हाम्रो जस्तो देशका किसानहरूमा शिक्षा तथा प्राविधिक ज्ञानको कमीले गर्दा आफूले भोगेको समस्याको निराकरण वा जोखिम न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने बारेमा अनभिज्ञ छन्। यदि लघुवित्त क्षेत्रमा कार्य गर्ने कर्मचारीलाई कृषि सम्बन्धी सामान्य जानकारी प्रदान गर्न सक्ने हो भने उनीहरूले जानेको ज्ञान सीपलाई किसान सम्म पुर्‍याउने राम्रो संवाहक बन्न सक्ने थिए। किसानहरूले तयार गरेका व्यवसाय योजनाको विश्लेषण गर्ने र आवश्यक प्राविधिक परामर्श समेत दिन सक्ने थिए।

हालैका दिनमा मुक्तिनाथ विकास बैंकले साना किसानहरूलाई परिवर्तित जलवायु र मौसमले कृषि कार्यमा पारेको असर र ती किसानहरूलाई सुहाउँदो वित्तीय सेवा पहिचान र विकास गर्न अनुसन्धान कार्यलाई अगाडि बढाएकोछ। बैंकका सेवाग्राही तथा गैर सेवाग्राही साना किसानहरूको घरदैलोमा गई उनीहरूको निर्वाहमुखी कृषि पेशालाई व्यवसायीक कृषि पेशामा रूपान्तरण गर्नका लागि विविध विषयमा छलफल एवं अध्ययन गरी साना किसानका लागि नै भनेर कर्जा सेवा तयार गर्ने कार्यलाई अन्तिम रूप दिइएको छ। वास्तविक किसानहरूका ज्वलन्त समस्या र उनीहरूलाई जलवायु परिवर्तन र मौसमले पारेका असरका बारेमा खोजी गरी कस्तो प्रकारको आर्थिक, प्राविधिक सेवा तथा बजारीकरणको आवश्यकता रहेकोछ र उनीहरूको माग एवं चाहनाको बारेमा जानकारी लिई उपयुक्त कर्जा तथा प्राविधिक सेवा प्रदान गर्ने संरचनाको विकास गर्ने प्रयासमा लागिरहेकोछ। लघुवित्त सेवा अन्तरगतको ससानो कर्जाको माध्यमबाट कृषकलाई आवश्यक पूँजी उपलब्ध गराई उनीहरूको उद्यमशीलतामा उर्जा थपी निर्वाहमूखी कृषिलाई विस्तारै व्यवसायिक बनाउन सक्नेछ। यस प्रकारको अध्ययन गरी साना किसानहरूको लागि तयार गरिएको कर्जा सेवाले ग्राहकवर्गको आर्थिक जीवनमा अवस्य पनि सकारात्मक प्रभाव पार्नेछ।

मानव संसाधन तथा संचालन इकाई प्रमुख

## तलब तथा अन्य सुविधामा बृद्धि

हालको बजार महँगी, नेपाल सरकार तथा प्रतिस्पर्धी संस्थाहरूले गरेको कर्मचारी तलब बृद्धि तथा परिवर्तन, कर्मचारीहरूको गुनासो लगायत सम्पूर्ण विषयहरूलाई विश्लेषण गरी बैंकमा कार्यरत कर्मचारीहरूको मनोवललाई उच्च राख्न र कार्य सम्पादनमा गुणस्तरीयता बृद्धि गर्दै कार्य गर्न उत्साह बढाउनको निमित्त कर्मचारी तलब तथा भत्ता, दैनिक भ्रमण भत्ता, जिम्मेवारी वा प्रवर्धनात्मक भत्ता, दुर्गम भत्ता, पैदल भत्ता, सन्ध्याकालिन काउण्टर/३६५ दिने बैंकिङ्ग भत्ता, मोवाईल खर्च सुविधा, कर्मचारी सापट सुविधा, कर्मचारी दुर्घटना बीमा, औषधी उपचार बीमा, कर्मचारी सरूवा/रमाना सोध भर्ना सुविधा, कर्मचारी प्रोत्साहन योजना आदि जस्ता कर्मचारी सेवा सुविधा २०७१ श्रावण १ गतेदेखि लागुहुनेगरी बृद्धि र संसोधन गरिएको छ।

# मौसम परीवर्तनले साना किसाहरूलाई पारेको असरको बारेमा सर्वेक्षण सम्पन्न

मुक्तिनाथ विकास बैंक, Frankfurt School of Finance and Management, Germany तथा iDE नेपालको सहकार्यमा मौसम तथा जलवायू परिवर्तनले गर्दा साना किसानहरूले भोगेका कठिनाई र कृषिलाई व्यवसायमा विस्तार गर्न वित्तीय सेवाको आवश्यकता बारेमा गरिएको सर्वेक्षण सम्पन्न भएको छ।



स्याङ्गजा, कास्की र तनहूँ गरी ३ जिल्लाको क्रमशः थुमपोखरा, सिरूवारे, सर्केटारी, फेदीखोला, लाहाचोक, मनकामना टोल, आर्वाविजय, कालिका, लुम्ले, ढोरर्फिदीमा मिति २०७१ भाद्र २६ गतेदेखि आश्विन २८ गतेसम्म १४ वटा समूहमा छलफल गरिएको थियो। उक्त छलफल कार्यक्रममा १४८ जना साना किसानहरूको सहभागिता रहेको थियो। उक्त छलफल कार्यक्रममा मुक्तिनाथ विकास बैंक लघुवित्त विभागका मानव संसाधन तथा सञ्चालन इकाई प्रमुख श्री विश्वराज घिमिरे र तालिम इकाई प्रमुख श्री शर्मिला लम्सालले सहजीकरण गर्नुभएको थियो।

यसैगरी साना किसानहरूले बदलिदो वातावरणीय अवस्थालाई अनुकुलन गर्न के कस्ता प्रयास गरिरहेका छन् र उनीहरूको आवश्यकता, चाहनाको बारेमा प्रश्नावली तयार गरी सर्वेक्षण गरिएको थियो। उक्त सर्वेक्षण कार्यक्रममा जम्मा १४५ जना साना किसानहरूको सहभागीता रहेको थियो। यो सर्वेक्षण कार्य लघुवित्त डेस्क कार्यालय चिप्लेढुङ्गा प्रमुख श्री अनन्तमान श्रेष्ठ, लघुवित्त डेस्क कार्यालय वालिङ्ग प्रमुख श्री खेमनारायण रेग्मी, लघुवित्त डेस्क कार्यालय दुलेगौडा प्रमुख श्री प्रकाश वास्कोटा, लघुवित्त डेस्क कार्यालय हेम्जा प्रमुख श्री लक्ष्मण गौतम, लघुवित्त डेस्क कार्यालय काँहुखोला प्रमुख श्री कृष्ण प्रसाद रेग्मी, सीमित बैंकिङ्ग कार्यालय फेदीखोला प्रमुख श्री लक्ष्मी थापाले गर्नुभएको थियो।

## बैंकको नयाँ सीमित बैंकिङ्ग कार्यालय सञ्चालन

मुक्तिनाथ विकास बैंकले २०७१ साल आषाढदेखि सीमित बैंकिङ कार्यालयहरू:- चितवनः पार्वतीपुर र खोलेसिमल, नवलपरासीः डेढगाउँ, गिरूवारी र गोपीगंज, रूपन्देहीः रामापुर कलोनी र हरैया, पाल्पाः ताहूँ र सरई, गुल्मीः रीडीमा गरी १० वटा सीमित बैंकिङ्ग कार्यालयहरू सञ्चालनमा ल्याएको छ। ती सबै कार्यालयहरूबाट लघुवित्त सेवा समेत उपलब्ध रहेको छ।

## अब अन्यत्र जानु पर्दैन...

संसारका कुनै पनि ठाउँबाट पठाएको रेमिट्यान्स रकम मुक्तिनाथ विकास बैंक लि. को कुनै पनि शाखा कार्यालयबाट सहजै भुक्तानी लिन वा आफ्नै खातामा जम्मा गर्न सक्नु हुनेछ।

उपरोक्त लगायत बैंकको अन्य सेवाहरू बारेमा थप जानकारी लिन नजिकको मुक्तिनाथ विकास बैंकको कार्यालय र कर्मचारीसंग सम्पर्क राख्नु होला।







## Online software M – Fin सञ्चालन

बैंकको लघुवित्त कार्यक्रम अन्तरगतका कार्यालयहरूमा कारोवार छितो छरीतो सम्पन्न भई बढी भन्दा बढी लक्षित वर्गहरूको घरदैलोमा वित्तीय सेवा पुऱ्याउन र तथ्याङ्क चुस्त, दुरूस्त र सुरक्षित राख्न Online software मार्फत Data centralise गरिएको छ । २०७१ आश्विन सम्ममा लघुवित्त कार्यक्रम अन्तरगतका ३६ वटा कार्यालयहरू मध्ये २४ वटा कार्यालयहरू online मा सञ्चालन गरी सकिएको छ । बाँकी रहेका कार्यालयहरूमा २०७१ कार्तिक मसान्त सम्ममा online मा ल्याउने योजना रहेको छ ।

## बैंकको प्रगति विवरण

### (२०७१ आश्विन मसान्तसम्म)

| सूचकहरू | बैंकिङ्ग तर्फ | लघुवित्त तर्फ | कुल |
|---|---|---|---|
| कार्यालय संख्या | २० | २६ | ४६ |
| बचत कर्ता संख्या | ७९,०७१ | ६३,८४८ | १,४२,९१९ |
| ऋणी संख्या | ४,५४७ | ४५,४४२ | ४९,९८९ |
| लगानीमा रहिरहेको कर्जा रू. | ३,३४,३९,०८,७०६ | १,५२,७०,१५,०५२ | ४,८७,०९,२३,७५८ |
| बाँकी निक्षेप/बचत रू. | ४,८१,२७,९६,२८१ | ७७,५३,९९,३१० | ५,५८,८१,९५,५९१ |
| कर्मचारी संख्या | २०९ | २२६ | ४३५ |
| समेटेको गा.वि.स/न.पा. | | २४९ | २४९ |

# Unaudited Financial Results (Quarterly)

As at 1st Quarter (2071-06-31) of the Fiscal Year 2071/072

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.8)** | **6,607,311.37** | **6,090,472.19** | **4,815,530.07** |
| 1.1 | Paid-up Capital | 367,500.00 | 367,500.00 | 245,000.00 |
| 1.2 | Call in Advance | 44,223.90 | | 39,712.25 |
| 1.3 | Reserves and Surplus | 279,108.77 | 235,792.22 | 160,545.00 |
| 1.5 | Borrowings | 85,480.00 | 98,150.00 | 236,160.00 |
| **1.6** | **Deposits (a+b)** | **5,588,195.59** | **5,197,885.49** | **3,964,829.03** |
| 1.7 | Income Tax Liabilities | 11,967.64 | 3,419.32 | 7,145.29 |
| 1.8 | Other Liabilities | 230,835.47 | 187,725.16 | 162,138.50 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,607,311.37** | **6,090,472.19** | **4,815,530.07** |
| 2.1 | Cash & Bank Balance | 481,461.67 | 387,359.75 | 341,323.11 |
| 2.2 | Money at call and short Notice | 1,018,266.58 | 1,075,302.56 | 922,374.24 |
| 2.3 | Investments | 83,633.47 | 65,768.94 | 54,916.83 |
| **2.4** | **Loans & Advances (Gross) (a+b+c+d+e+f)** | **4,870,923.76** | **4,440,887.61** | **3,339,360.44** |
| 2.5 | Fixed Assets | 76,528.62 | 67,047.86 | 62,672.40 |
| 2.7 | Other Assets | 76,497.28 | 54,105.46 | 94,883.03 |
| 3 | Profit and Loss Account | | | |
| 3.1 | Interest income | 182,950.52 | 613,588.54 | 134,930.40 |
| 3.2 | Interest Expense | 80,491.56 | 286,732.48 | 72,191.42 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **102,458.95** | **326,856.06** | **62,738.98** |
| 3.3 | Fees Commission and Discount | 2,033.34 | 8,010.29 | 2,204.88 |
| 3.4 | Other Operating Income | 22,555.97 | 80,411.91 | 15,309.50 |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **127,048.26** | **415,278.25** | **80,253.36** |
| 3.6 | Staff Expenses | 32,997.50 | 89,024.79 | 22,562.05 |
| 3.7 | Other Operating Expenses | 19,821.06 | 78,231.47 | 13,154.83 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **74,229.71** | **248,021.99** | **44,536.47** |
| 3.8 | Provision for Possible Loss | 6,335.63 | 17,143.01 | 5,674.88 |
| **D** | **Operating profit (C-3.8)** | **67,894.07** | **230,878.99** | **38,861.59** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 405.64 | 7,977.70 | 4.38 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **68,299.72** | **238,856.69** | **38,865.97** |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **68,299.72** | **238,856.69** | **38,865.97** |
| 3.12 | Provision For Staff Bonus | 6,209.07 | 21,714.24 | 3,533.27 |
| 3.13 | Provision For Tax | 18,627.20 | 65,142.73 | 10,599.81 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **43,463.46** | **151,999.71** | **24,732.89** |
| 4 | Ratios (Mandatory) | | | |
| 4.1 | Capital Fund to RWA | 12.78% | 12.66% | 11.85% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.52% | 0.44% | 0.68% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 271.43% | 321.03% | 220.10% |
| 4.4 | Cost of Funds (LCY) | 5.87% | 6.19% | 7.20% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 77.59% | 76.56% | 75.81% |
| 4.6 | Base Rate | 10.92% | 10.31% | |

* Loans and investment are presented on gross basis, loss provisions are included on other liabilities.
* Previous period figures have been regrouped/rearranged whereever necessary.
* Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.

मुक्तिनाथ दर्पण प्रकाशन गर्नका लागि तपाइसँग भएका लेख, रचना, कविताहरुको लघुवित्त विभाग तालिम इकाई हार्दिक स्वागत गर्दछ ।
मुक्तिनाथ दर्पण सम्बन्धमा थप सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।
प्रमुख सल्लाहकार : श्री भरतराज ढकाल | सल्लाहकार : श्री तिल बहादुर गुरुङ्ग
प्रमुख सम्पादक : श्री गोविन्द बहादुर राउत | सम्पादक/संकलक : श्री शर्मिला लम्साल